सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १०४♦ २०८० साल पुस १४ गते शनिवार ♦ 30 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com



मेयर क्षेत्रीले गरे बर्दिवास नगर पत्रकार संजाल कार्यालय उदघाटन । पेज ४ मा

## मुख्यमन्त्रीहरुको भेला

# मुख्यमन्त्रीहरूको नौ बुँदे साझापत्र : माग पूरा नभए सङ्घर्ष गर्ने चेतावनी

**खबर दर्पण समाचारदाता**

**पुस १३ गते, महेन्द्रनगर**




सातै प्रदेशका मुख्यमन्त्रीहरूले संविधानको व्यवस्थाअनुसार प्रदेशको अधिकार कार्यान्वयनमा ल्याउन प्रधानमन्त्रीलाई थप दबाब दिने भएका छन् । हेटौंडामा शुक्रवार सम्पन्न अन्तर प्रदेश मुख्यमन्त्री भेलाले नौ बुँदे साझा पत्र तयार गर्दै त्यसको शीघ्र कार्यान्वयनका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बुझाउने भएका हुन् ।

मुख्यमन्त्रीहरूले २०८० असार १६ गते गण्डकी प्रदेशको पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकले तहगत अधिकारको कार्य विस्तृतीकरण परिमार्जन गर्ने, तीनै तहबाट प्रदान गरिने अनुदानको दोहोरोपना हटाउने, एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग अलग संरचना हटाउने, तीन तहका सरकारबिच विकास आयोजनामा दोहोरोपना हटाउने एवम् तादाम्यता कायम गर्ने लगायतका निर्णय उत्साहजनक कार्यान्वयन नभएको गुनासो गरेका छन् ।

साथै उनीहरुले प्रदेशका समस्या समाधान गर्न गत असारमा प्रधानमन्त्रीलाई पेश गरेको १७ बुँदे साझा पत्र कार्यान्वयनको अवस्था पनि कमजोर रहेको अनुभूति भएको जनाएका छन् । त्यसबेला उनीहरुले मुख्यतः प्रहरी समायोजन गर्ने, संघीय निजामती सेवा ऐन जारी गर्ने, प्रदेशले प्रयोग गरिरहेका सरकारी भवन तथा जग्गाको स्वामित्व हस्तान्तरण गर्ने, साझा अधिकारका विषयका कानुन निर्माणमा सहकार्य गर्ने, राष्ट्रिय वन लगायतका प्राकृतिक स्रोतको उपयोग एवम् राजस्व बाँडफाँट, वित्तीय हस्तान्तरण, सवारी चालक अनुमति पत्र र सवारी साधन कर/शुल्क सम्बन्धी सफ्टवेयर प्रणाली प्रदेशबाट नै सञ्चालन गर्ने व्यवस्था गरिदिन माग गरेका थिए ।

# प्रहरीको मोटरसाईकलले ठक्कर दिएपछि दुई घाईते, एक गम्भिर



**खबर दर्पण समाचारदाता**

**पुस १३ गते, महेन्द्रनगर**

मधेश प्रदेशको राजधानी क्षेत्र जनकपुरधामस्थित प्रहरीको मोटरसाईकलले ठक्कर दिएपछि दुई जना घाईते भएका छन् । विहिबार साँझ धनुषाको लक्ष्मीनियाँ गाउँपालिका वडा नं. ४ सपहीमा मोटरसाईकलमा गईरहेको यात्रुलाई ईलाका प्रहरी कार्यालय महेन्द्रनगरका एक हबल्दारले चलाएको मोटर साईकलले ठक्कर दिएपछि एक महिला गम्भिर घाईते भएकी छिन् ।

ईलाका प्रहरी कार्यालय महेन्द्रनगरका अनुसार, सपही घर जाँदै गर्दा ज ६ प ४९२१ नम्बरको मोटसाइकलमा सवार एक पुरुष र महिलालाई पछाडीबाट बा ६४ प ६७१६ नम्बरको प्रहरीले चलाएको मोटर साईकलले ठक्कर दिएको थियो ।

परिवारजनका अनुसार, ६ लेनको एकतर्फी सडकमा गाडीमा गईरहेको बेला प्रहरी हबल्दारले तीब्र गतिमा चलाएको मोटरसाईकलले ठक्कर दिएपछि लक्ष्मीनियाँ गाउँपालिका वडा नं. ४ सपही बस्ने स्थानीय जगरान देवी पँजीयारको टाउकोमा गम्भिर चोट लागेको

*बाँकी पृष्ठ २ मा*

# कोरिया जान माग्दा प्रहरीबाट मारिए दुई युवा

**खबर दर्पण समाचारदाता**


**पुस १३ गते, काठमाण्डौं**

दैलेखका २३ वर्षीय सुजन रावत कोरियन भाषा पढ्न दुई साता अगाडि मात्र काठमाडौं आएका थिए । कोरियाली भाषा परीक्षाकै तयारीमा भएका ठूलोबुबाका छोरा सजनसँगै दहचोक बसे ।

शुक्रबार बिहान सुजन साथीहरुसँग भाषा पढ्न बागबजार लागे । सजन भने भाषा परीक्षाका लागि आवेदन दिइ पाइने आशमा ग्वार्कोस्थित इपिएस कोरिया शाखाको कार्यालय पुगे ।

उच्च अदालत, पाटनले आवेदन लिनू भन्ने आदेश दिएका कारण अरु युवा पनि त्यहाँ पुगेका थिए । तर कार्यालयले रिट लिएर अदालत गएका १८ जनाको मात्र आवेदन लिने निर्णय गरेको थियो । हिजो बिहीबार पनि २/३ सय युवा आवेदन दिन पाउनुपर्ने माग गर्दै पुगेकाले शुक्रबार बिहानदेखि सुरक्षाकर्मी तैनाथ दिए ।

सुरक्षाकर्मीले परीक्षा फर्म भर्न पाउनुपर्ने माग गर्दै पुगेका युवाहरुलाई कार्यालयमा प्रवेश नै दिएन । भीड बढ्दै गएपछि उनीहरु संगठित रुपमै आन्दोलित भए । कार्यालय पुग्न बल गर्न खोजेका युवालाई प्रहरीले लखेटेपछि तनाव बढ्यो । आक्रोशित युवाहरु सडकमा भेला भएका बेला मन्त्रीको झण्डाबाला गाडी आयो ।








युवाहरुले बा २ झ ५८६१ नम्बरको गाडी रोके । गाडीमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला रहेछन् । भिडले अवरोध गरेपछि उनी दुई निजी सुरक्षा अधिकृत (पीएसओ) सहित गाडीबाट निस्किएका थिए ।

चालक गाडी घुमाउने कोसिस गर्दै थिए । आक्रोशित भिडले सुरुमा टायरको हावा फुस्कायो । केहीबेरमा गाडीमाथि

*बाँकी पृष्ठ २ मा*

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# कोरिया जान माग्दा प्रहरीबाट........................

आगो लगाइदियो । मन्त्रीको गाडीमा आगजनी भएको सूचना पाएलगत्तै जिल्ला प्रहरी परिसर, ललितपुरले थप टोली परिचालन गऱ्यो । भीडले अरु गाडीमा तोडफोड गर्न थालेपछि तनाव बढ्यो, प्रहरीले अश्रुग्यास हान्यो । उपत्यका प्रहरी प्रमुख एआईजी दिपक थापाका अनुसार, स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाइ फायर समेत गरेको थियो । त्यसक्रममा दैलेखका २३ वर्षीय सुजन रावतसँगै अछामका २२ वर्षीय वीरेन्द्र शाहको मृत्यु भएको छ ।

राउत सडकमा ढलेका थिए । प्रदर्शनकारीहरुका अनुसार झडपका क्रममा उनलाई प्रहरीले बन्दुकको कुन्जले हानेका थिए । बेहोस भएका उनलाई तत्काल किस्ट अस्पताल लगिएको थियो, तर उपचारका क्रममा मृत्यु भएको अस्पतालले जनाएको छ ।

'भाइले तपाईँ भएको ठाँउमा आउँछु भनेर फोन गरेको थियो । प्रहरीले कुटपिट गरेर माऱ्यो' दाइ सर्जनले अनलाइनखबरसँग भने, 'छातीमा निलो डाम छ । भाइलाई प्रहरीले बन्दुकको कुञ्जले हानेर मारेको हो ।'

अछामका वीरेन्द्रको भने पेटको तल्लो भागमा गोली लागेको छ । अत्यधिक रक्तश्राव भएका उनलाई पाटन अस्पताल ललिएको थियो, तर उपचारको क्रममा मृत्यु भएको छ ।

प्रदर्शनकारीले ३ घन्टासम्म उछृंखल गतिविधि गरेपछि हवाइ फायर गर्नु परेको ललितपुरका एसपी नवराज कार्कीको दाबी छ । 'सम्झाइबुझाइ गऱ्यौं, पछि हट्न अनुरोध गऱ्यौं', उनले भने, 'भिडले मन्त्रीज्यूको गाडीमा पनि आगजनी गऱ्यो, त्यसक्रममा भिडलाई तितरवितर गर्न कारबाही गरेको हो ।'

तर भिडले मन्त्रीको गाडीमा आगो लगाएइ सकेपछि नियन्त्रणका नाममा प्रहरीले अधिक बल प्रयोग गर्दा दुई जनाको ज्यान गएको भनेर गृह प्रशासनको आलोचना भएको छ ।

मानवअधिकारकर्मी मोहना अन्सारी पनि प्रहरीले पानीको फोहोरा लगायत, माइकिङ गरेर सम्झाउने ठाउँ हुँदा हुँदै गोली चलाएको बताउँछिन् । 'मन्त्री निस्किएर गइसकेका थिए, केहिबेर नारा लगाएर साम्य हुन्थ्यो', राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य समेत रहेकी अन्सारी भन्छिन्, 'मन्त्रीको गाडी जलाए भनेर प्रहरी उग्र भएजस्तो देखिन्छ, आज जे भयो, एकदमै गलत भयो ।'

नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल ठकुरी पनि आन्दोलन भइ रहेको स्थानबाट भीआईपीको सवारी हुन प्रहरीले किन दियो भन्ने पनि प्रश्न उठेको बताउँछन् ।

'अगाडि हड्ताल, जुलुस वा प्रदर्शन भइरहेको छ भने भीआईपीको गाडी रोक्नुपर्थ्यो, किनभने त्यहाँ सरकारी गाडी देखेपछि प्रदर्शनकारी थप उग्र भएका छन्', मल्लले भने, 'त्यो भिडलाई रोक्न भीआईपी सवारीलाई डाइभर्ट गर्नुपर्नेमा त्यो हुनसकेको देखिएन, यसमा प्रहरीको कमजोरी देखिन्छ ।'

### किन आन्दोलित भएका थिए युवाहरु ?

वैदेशिक रोजगार विभाग अन्तर गतको ईपीएस कोरिया शाखाले सन् २०२३ को लागि पानीजहाज निर्माण क्षेत्र (सिप बिल्डिङ) मा कोरिया लैजाने नेपाली श्रमिक छनोट गर्न आवेदन मागेको थियो । ३५ हजार ४१८ जनाले आवेदन दिए, १ असोजदेखि सञ्चालन भएको भाषा परीक्षामा ३ हजार ९८९ जना मात्रै उत्तीर्ण भए ।

अनुत्तीर्ण भएका परीक्षार्थीहरु कोरियाकै उत्पादनमुलक क्षेत्रका लागि हुने भाषा परीक्षाको पर्खाइमा थिए ।

ईपीएस कोरिया शाखाले १९ मंसिरमा सूचना निकालेर उत्पादनमुलक क्षेत्रका लागि पुस २ देखि ६ गतेसम्म आवेदन माग्यो । तर आवेदकहरुको योग्यतामा २०२३ मा भाषा परीक्षाका लागि आवेदन नदिएको हुनुपर्ने सर्त पनि समावेश भयो । यसले सिप बिल्डिङका लागि भाषा परीक्षा दिएर नाम ननिस्किएकाहरुले उत्पादनमुलक तर्फको परीक्षामा आवेदन दिन नपाउने भयो ।

ग्वार्कोस्थित ईपीएस कोरिया शाखाका अनुसार कोरियाली भाषा पढेका ३१ हजार युवालाई परीक्षामा वञ्चित गर्न खोजिएको गुनासो गर्न हरेक दिनजसो युवाहरु आउँथे । पटक-पटक फारम भर्ने वातावरण मिलाउन अनुरोध गरे पनि ईपीएस कोरिया शाखाले मानेन ।

ईपीएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीका अनुसार साउनमा पानी जहाज निर्माण क्षेत्रको भाषा परीक्षामा सहभागी हुनेले उत्पादनमुलक क्षेत्रको परीक्षामा सहभागी हुन नपाउने स्पष्ट भनिएको थियो । 'सबैले त्यो सर्त स्वीकारेर फारम भर्नुभएको थियो', सुवेदी भन्छन्, 'अहिले उहाँहरुले फेरि फारम भर्न दिनुपर्छ भनेपछि हामीले कोरिया मानव संशाधन विभागमा जानकारी गराए पनि उनीहरुले मानेनन् ।'

त्यसपछि पानी जहाज निर्माण क्षेत्रको भाषा परीक्षामा सामेल भएका सुरज पाठकसहित १८ जना रिट लिएर उच्च अदालत पाटन गए । ५ पुसमा न्यायाधीशद्वय राज्यलक्ष्मी बज्राचार्य र रमेशराज पोखरेलको संयुक्त इजलासले १८ जना रिट निवेदकको पक्षमा अन्तरिम आदेश जारी गऱ्यो । उनीहरुलाई फारम भर्न रोक नलगाउन र आवेदन फारम भर्न दिन आदेश जारी गरेको थियो ।

यससँगै पानी जहाज निर्माण क्षेत्रको भाषा परीक्षामा नाम ननिस्किएका सबैले उत्पादनमुलक क्षेत्रतर्फ पनि परीक्षा फारम भर्न पाउने अपेक्षा गरेका थिए । तर तोकिएको अवधिमा कसैले पाएनन् । ईपीएस कोरिया शाखाले पूर्व निर्धारित समय २ देखि ६ पुसम्म उत्पादनमुलक क्षेत्रका लागि १ लाख ४३ हजार युवाको आवेदन लियो ।

बिहीबार बल्ल रिट निवेदन लिएर गएका १८ जनालाई मात्र शुक्रबार १० बजेदेखि ३ बजेसम्म फारम भर्न सूचना जारी गऱ्यो । यसप्रति असन्तुष्टि जनाउन बिहीबार नै करिब २-३ सय युवा ईपीएस कोरिया शाखाको कार्यालयमा पुगेका थिए ।

निर्देशक सुवेदीका अनुसार शुक्रबार थप भीड हुने पूर्वानुमानअनुसार प्रहरी परिचालन भएको थियो । प्रहरीले चक्रपथको सडकबाट कार्यालयतर्फ जान नै रोकेपछि युवाहरु आक्रोसित भए । भीड बढ्दै गएपछि उनीहरु संगठित रुपमै आन्दोलित भए । आन्दोलनका क्रममा प्रहरीबाट दुई युवा मारिएका छन् ।

गृह मन्त्रालयले भने अप्रत्यासित रुपमा घटना भएको भन्दै छानबिन गर्न काठमाडौं उपत्यका प्रहरी कार्यालयका डीआईजी लालमणि आचार्यको नेतृत्वमा ३ सदस्यीय समिति बनाएको छ । ललितपुरका सहायक सीडीओ अमरदीप सुनुवाई र राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक बासु सिग्देल सदस्य रहेको समितिलाई ७ दिनभित्र प्रतिवेदन पेश गर्न भनिएको छ ।

# प्रहरीको मोटरसाईकलले ठक्कर ...

हो । पुरुषको अवस्थामा भने समान्य रहेको जनाईएको छ । मोटरसाईकलमा ठक्कर दिएपछि जगतरान देवी पछाडी टाउको गरी झरेपछि उनको टाउकोमा गम्भिर चोट लागेको हो । यद्यपी, महिला खतराबाहिर रहेको जनाईएको छ ।

प्रहरीको अनुसार, हबल्दारले चलाएको सो मोटरसाईकल उनको व्यक्तिगत नीजि रहेको छ । उनीमाथि छानबिन प्रक्रिया अगाडी बढाएको जनाईएको छ ।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**भंगहा नगरपालिका**

**महोत्तरी**


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**वृष-** मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन-** आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**सिंह** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मकर** -समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ**-अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**मीन** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जानकी मन्दिरलाई ट्रस्टमा लैजानु पर्ने मागसहित हस्ताक्षर अभियान



**खबर दर्पण समाचारदाता**

**पुस १३ गते, महेन्द्रनगर**

जनकपुरधामको प्रसिद्ध जानकी मन्दिरलाई ट्रष्टमा लैजानु पर्ने मागसहित हस्ताक्षर अभियान थालिएको छ ।

नागरिक युवा समाजले जनकपुर धामले जानकी मन्दिरलाई ट्रस्टमा लैजानु पर्ने मागसहित दबाब अभियान थालेको हो । महन्थले मन्दिरमा चढ्ने भेटीको हरहिसाब पारदर्शी नगर्ने, मन्दिर लाई राम्ररी व्यवस्थापन गर्न नसक्ने तथा महन्थ र सहमहन्थकै बीचमा बेलाबेला भइरहने बिबादले मन्दिरको गरिमामाथि आँच पुगेको भन्दैहरु ट्रस्टमा लग्नु पर्ने माग युवाहरुले गरेका छन् ।

जानकी मन्दिरलाई ट्रस्टमा लगेर सञ्चालन गर्नुपर्ने मागसहित निन्तर दबाबमूलक कार्यक्रम अघि बढिरहने अभियानका अध्यक्ष धर्वेन्द्र साहले बताए ।


**विद्युत चुहावट बन्द गरौं । सभ्य समाजको निर्माणमा अग्रसर होऔं । विद्युत महशुल नतिर्ने ग्राहक वर्गको जुनसुकै बेला पनि विद्युत लाईन काटिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

नेपाल विद्युत प्राधिकरण

**प्रादेशिक कार्यालय, मुजेलिया, जनकपुर**


# जबरजस्ती करणीको मुद्दामा क्रिकेटर लामिछाने दोषी ठहर

**खबर दर्पण समाचारदाता**

**पुस १३ गते, महेन्द्रनगर**

काठमाडौं जिल्ला अदालतले बलात्कार मुद्दामा क्रिकेटर सन्दीप लामिछानेलाई दोषी ठहर गरेको छ । शुक्रबार सो मुद्दामा न्यायाधीश शिशिरराज ढकालको इजलासमा पीडित र पीडक दुवैतर्फका वकिलहरुले बहस सकेपछि दोषी ठहर गरेको हो । सरकारी वकिल र पीडितका वकिलले बहस गरिसकेपछि आरोपित लामिछानेको पक्षका कानुन व्यवसायीले बहस गरेका थिए । त्यसपछि जवाफी बहस भएको थियो ।

त्यसक्रममा पीडित गौशाला २६ ले समेत आफ्नाे कुरा राखेकी थिइन् । उनले कुरा राखेपछि न्यायाधीश ढकाल दोषी ठहर गरेका हुन् । उनको सजाय निर्धारणका लागि पुस २५ गते पेशी तोकिने छ । त्यसक्रममा उनको सजाय निर्णारण सहित पीडितको क्षतिपूर्ति पनि अदालतले तोक्नेछ ।

घटना भएका बेलामा पीडित गौशाला २६ नाबालिग भने नरहेको फैसला अदालतले गरेको छ ।तर कमजोर नाजुक अवस्थाको फाइदा उठाउँदै





लामिछानेले जबर्जस्ती करणी गरको अदालतको ठहर छ ।

तत्कालिन नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान लामिछाने विरुद्ध एक किशोरीले जबर्जस्ती करणीको आरोपमा २०७९ भदौ २१ मा प्रहरीमा जाहेरी दिएकी छन् । आफूलाई लामिछानेले भदौ ५ गते तिलगंगाको एक होटलमा बलात्कार गरेको भन्दै पीडितले दिएको जाहेरी प्रहरीले भदौ २२ गते दर्ता गरेर अनुसन्धान अघि बढाएको थियो । भदौ २३ मा काठमाडौ जिल्ला अदालतले लामिछानेलाई पक्राउ गरी अनुसन्धान अघि बढाउन अनुमति दिएपछि लामिछाने विदेशमा रहेका लामिछाने करिब एक महिना उतै बसेर फर्किने क्रममा असोज २० मा त्रिभुवन विमानस्थलबाटै पक्राउ परेका थिए ।

कार्तिक १४ मा प्रहरीले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । उक्त मुद्दा जिल्ला अदालतले लामिछानेलाई पुर्पक्षमा राखेर अनुसन्धान गर्न आदेश दिएपछि लामिछाने कारागार चलान भएका थिए । तर उच्च अदालत पाटनले उनलाई पुस २८ मा २० लाख धरौटीमा छोड्न आदेश दिएपछि लामिछाने थुनामुक्त भएका थिए । थुनामुक्त भएपछि उनले नेपाली टोलीको तर्फबाट अन्तर्राष्ट्रिय प्रतियोगिताहरु पनि खेले । उक्त मुद्दाको सुनुवाई पटकपटक जिल्ला अदालतमा हेर्दाहेर्दैकै सूचीमा परेर लम्बिँदै आएको थियो । मुद्दा दर्ता भएको करिब १४ महिनापछि शुक्रबार फैसला भएको हो ।


## महिला हिंसा रोकौं:असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन् ।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसुति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन् ।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं ।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।

**लक्ष्मीनिया गाउँपालिका धनुषा**



## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन ।

**पीपरा गाउँपालिका महोत्तरी**



## महिला हिंसा रोकौं:असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन् ।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसुति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन् ।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं ।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।

**सोनमा गाउँपालिका महोत्तरी**



## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन ।

**सम्सी गाउँपालिका महोत्तरी**

# ११ हजार भोल्टेजबाट तार हटाई ट्रान्सफर्मर नै चोरी

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**पुस १३ गते, महोत्तरी**

औरही नगरपालिका -७ स्थित सोनामाई भोईलबाट विद्युतीय ट्रान्सफर्मर चोरी भएको छ ।

चोरी गर्ने समुहले ११ हजार भोल्टेजबाट ट्रान्सफर्मरको तार हटाई त्यहाँ रहेको १०० केभिएको ट्रान्सफर्मर चोरी गरेको औरही नगरपालिका - ७ बस्ने रामप्रवेश यादवले बताए ।

चोरी गर्ने समूहले तामाको तार र त्यस भित्र रहेको तेलका लागि ट्रान्सफर्मरको चोरी गरेको स्थानीयले जनाएको छ।

औरही नगरपालिका ७ सोनामाई भोईलबाट भंगहा नगरपालिका जाने बाटोको बीचमा औरही नगरपालिका ७ सोनामाई भोईलमा किसानहरु लाई सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर फुटाएर तामाको तार चोरी भएको हो । उक्त ट्रान्सफर्मर गाउँबाट पूर्व तर्फ रहेको खेतमा किसानहरुलाई सिचाइको जडान गरिएको थियो। सिँचाइका लागि लगाइएको ट्रान्सफर्मर चोरी हुँदा किसानहरु पीडित बनेको छ।

चोरीको विषयमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय रामगोपालपुरले जनाएको छ ।

हालसम्म यस क्षेत्रमा घरायसी सामग्रीहरु सहित अन्य सामाग्री चोरी हुने गरेको भए पनि यसरी मेन लाईनकाटेरै ट्रान्सफर्मर नै चोरी भएको भने यो पहिलो घटना भएको बिधुत प्राधिकरण गौशाला शाखाका प्रमुख जगरनाथ झाले बताए ।

# मेयर क्षेत्रीले गरे बर्दिवास नगर पत्रकार संजाल कार्यालय उदघाटन

**खबर दर्पण समाचारदाता**

**पुस १३ गते, बर्दिवास**



औपचारिक स्थापना भएको ४ बर्षपछी बर्दिवास नगर पत्रकार संजालले आफ्नै कार्यालय स्थापना गरेको छ ।

बर्दिवासका मेयर प्रल्हाद कुमार क्षेत्रीले कार्यालयको उदघाटन गरेर आज औपचारिकता दिएका हुन् ।

अघिल्लो स्थानीय सरकारले कार्यालय स्थापनार्थ सहयोग गरेको सामाग्रीहरु राखेर संचालनमा आएको कार्यालयवाट नै अव पत्रकार हरुले आफ्ना नियमित काम गर्न सक्ने संस्थाका अध्यक्ष गोपाल बरालले जानकारी दिए ।

कार्यालयमा पत्रकारहरुको लागी आवस्यक कुर्सी, टेवल, इन्टर नेट तथा प्रिन्टर समेत राखिएको छ । बर्दिवास-१ स्थित एभरेष्ट पब्लिक विद्यालयसँगै रहेको उक्त कार्यालयलाई सुचना केन्द्रकोरुपमा विकास गरिने पनि नगर पत्रकार संजालले जनाएको छ ।

नगर भित्र रहेर विभिन्न संचार माध्यममा आवद्ध संचार कर्मीहरुले संचार सामाग्रीहरु अव संजालको कार्यालयवाट नै उत्पादन गर्न सक्ने संजालका सचिव बिशाल बस्नेतले वताए ।

आवाजविहिनहरुको आवाजलाई बुलन्द गर्न नगर पत्रकार संजाल महत्वपुर्ण संजाल वन्न सक्ने बिस्वास ब्यक्त गर्दै मेयर प्रल्हाद कुमार क्षेत्रीले नगर क्षेत्रमा रहेका पत्रकार र पत्रकारितालाई संस्थागत विकास गर्न सधै तत्पर रहेको वताए ।

उनले पत्रकार भनेको समाजको ऐना भएको हुँदा नगरमा भएका हरेक क्षेत्रको विकास र राम्रा असल अभ्यासहरुलाई जनता सामु ल्याउनु पर्ने बताए ।

मेयर क्षेत्रीले पत्रकार संजाललाई व्यक्तिगत र नगरको तर्फबाट गर्नुपर्ने सम्पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सामाजिक उत्तरदायित्व सहितको निगरानीमा नगर पत्रकार संजाल महत्वपुर्ण पहरेदार वन्ने र निमुखाहरुको आवाज मुखरित गर्ने ससक्त माध्यम संजाल नै बन्नुपर्ने वडा अध्यक्ष भोला खड्काको भनाई छ ।


यता नगर पत्रकार संजालका संस्थापक सचिव राजकरण महतोले यो आर्थिक वर्षमा नै नगरपालिकाले संजालको आफ्नै भवन निर्माण गर्न सक्ने वातावरण वन्न सक्ने भूमिका खेलिदिन नगरप्रमुख समक्ष अनुरोध गरेका छन् ।


**R S सिनेमा हल बर्दिवासमा**

**प्रदर्शन भईरहेको छ**

**शो शुरु हुने समय र फिल्म**

**१२-३, ३-६ र ७-१० बजे**





## जाडोको समयमा चिसोबाट बचौं


- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**


# ए.एस.डी. अफसेट प्रेस

**क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा**

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

**संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा